# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 11.06.2025**

**1. Governor Saga Dawa**

आज सागा दावा पर्वको अवसरमा राज्यका विभिन्न बौद्ध मठहरूमा भगवान बुद्धले परिनिर्वणा प्राप्त गरेको अवसरमा विशेष पुजा अर्चना गरी धुमधामसित मनाइयो। यस अवसरमा राज्यपाल ओम प्रकाश माथुर अनि मुख्यमन्त्री प्रेमसिंह तामाङले राज्यवासीलाई विशेष शुभकामना व्यक्त गर्नुभएको छ। राज्यपालले आफ्नो सन्देशमा सागा दावा, बौद्ध मान्यताअनुसार सबैभन्दा पावन महिना रहेको बताउनुभएको छ, जुन महात्मा बुद्धको जन्म, ज्ञान प्राप्ति र महापरिनिर्वाणको प्रतीक हो। राज्यपालले भन्नुभएको छ, यस पर्वले हामीलाई आत्मचिन्तन, करुणा र आध्यात्मिक पुनर्जागरणको अवसर प्रदान गर्दछ । सिक्किम, आफ्नो सांस्कृतिक विविधता र जातीय सद्भावनाको निम्ति अनुकरणीय राज्य रहेको पनि उहाँले उल्लेख गर्नुभयो।

**2. CM – Saga Dawa**

यसैगरि मुख्यमन्त्री प्रेमसिंह तामाङले आज सागा दावाको शुभ अवसरमा सिक्किमका जनता, विशेष गरी बौद्ध समुदायलाई शुभकामना व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालको एक पोष्टमा मुख्यमन्त्रीले बौद्ध धर्मको सबैभन्दा पवित्र पर्वहरू मध्ये एकको रूपमा मनाइने सागा दावाले भगवान बुद्धको ज्ञान प्राप्ति र महापरिनिर्वाणको सम्झना गर्दछ, जसले मानवतालाई निरन्तर प्रेरणा दिइरहेको छ भन्नुभएको छ। मुख्यमन्त्रीले यस पवित्र दिनमा हामी जात, सम्प्रदाय, लिङ्ग र धर्मका सबै विभाजनहरूभन्दा माथि उठेर सत्य, धर्म र धार्मिकताको मार्गप्रति हाम्रो प्रतिबद्धतालाई पुन: पुष्टि गरौं भनेर पनि आह्वान गर्नुभएको छ।

**3. VKSA Pakyong**

पाक्योङ जिल्लाको रिगु र छुजाचेन ग्राम पञ्चायत एकाइहरूमा विकसित कृषि संकल्प अभियान (VKSA) अभियानको एघारौं दिन आज सफलतापूर्वक पालन गरियो। विकसित कृषि संकल्प अभियान (VKSA) ले दिगो कृषि, जलवायु मैत्री खेती र उन्नत बीउ प्रजातिहरूमा केन्द्रित भएर कृषि परिदृश्यलाई रूपान्तरण गर्ने लक्ष्य राखेको छ। कार्यक्रममा स्थानीय शासन प्रतिनिधिहरू, पञ्चायत अध्यक्षहरू, कृषि, बागवानी, पशुपालन र पशु चिकित्सा सेवाहरू अनि मत्स्यपालन विभागका अधिकारीहरू लगायत अन्यको सहभागिता रहेको थियो। यी विभागहरूले कृषि समुदायहरूलाई सशक्त बनाउने उद्देश्यले विभिन्न सरकारी योजनाहरू र पहलहरूको बारेमा जानकारी फैलाउन प्रमुख भूमिका खेलेका थिए। कार्यक्रममा किसानहरूको प्रश्नहरूलाई सम्बोधन गर्न अन्तरक्रियात्मक सत्रहरू पनि आयोजना गरिएको थियो।

**4. VKSA – Syari**

यसैगरि कृषि समुदायलाई सशक्त बनाउने आफ्नो अभियानलाई निरन्तरता दिँदै, विकसित कृषि संकल्प अभियान अभियानको एघारौं दिन आज गान्तोक जिल्लाको नान्दोक खण्डअन्तर्गत कोपीबारी स्यारी र नान्दोक सरमसा ग्राम पञ्चायत एकाइहरूमा पुग्यो। कार्यक्रममा महिला र ग्रामीण युवाहरू लगायत २१५ भन्दा बढी किसानहरूको उपस्थिति रहेको थियो। यस अभियानलाई सिक्किममा समावेशी कृषि विकासमा अर्को कोसेढुङ्गा मानिएको छ। कार्यक्रममा कोपीबारी स्यारीकी पञ्चायत अध्यक्ष, जिल्ला पञ्चायत सदस्य र नान्दोक सरमसा ग्राम पञ्चायत अध्यक्षको उपस्थिति रहेको थियो। विकसित कृषि संकल्प अभियान भोलि जून 12 मा समाप्त हुने बताइएको छ।

**५. Sahitya Parishad**

नेपाली साहित्य परिषद सिक्किमले आज एक कार्यक्रम आयोजना गरी यस वर्ष पद्मश्री पुरस्कारले विभूषित गायक संगीतकार नरेन गुरुङ अनि साहित्य अकादमी पुरस्कारले सम्मानित साहित्यकार युवा बराललाई अभिनन्दन जनाएको छ। कार्यक्रममा परिषदका अध्यक्ष हरि ढुङ्गेल, पूर्व अध्यक्षगण, साहित्यकार, संगीतकारहरू लगायत मुख्यमन्त्रीका प्रेस सल्लाहकार सी पी भट्टराईको विशेष उपस्थिति रहेको थियो।

**6. Weather Report**

मौसम विभागले दिएको जानकारीअनुसार बितेको चौबिस घण्टामा गान्तोकमा अधिकतम तापक्रम २६.३ डिग्री सेल्सियस र न्युनतम तापक्रम १८.४ डिग्री सेल्सियस रेकर्ड गरियो भने भोलि अधिकतम तापक्रम २७ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १८ डिग्री सेल्सियस रहने पूर्वानुमान गरिएको छ। मौसम विभागले गान्तोक वरपर केही भागहरूमा चट्याङसहितको हावाहुरी र हल्कादेखि मध्यम वर्षाको सम्भावना पनि जनाएको छ। चट्याङ अनि हावाहुरीको समयमा मानिसहरूलाई सुरक्षित स्थानमा रहन सल्लाह दिइएको छ।